**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई**

**माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान**

**आदेश**

मुद्दा नं.:- ०७६-WO-०९७३

अधिवक्ता सन्तोष भण्डारी समेत-----------------------------------------------१ निवेदक

**विरुद्ध**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत---------------------------------------१ विपक्षी

मुद्दाः- उत्प्रेषण।

अन्तरीम आदेशको छलफलको लागि पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु डा. श्री ठकेन्द्रप्रकाश गिरी, श्री सुजन नेपाल, श्री आनन्दकुमार गुप्ता, श्री कमल कोइराला, श्री ज्ञानेन्द्रराज आरण, श्री सुरेन्द्र विक्रम के.सी., श्री शैलेन्द्र अम्बेडकर, श्री विकास भट्टराई, श्री जंनकसिंह साउद, श्री कीर्तिनाथ शर्मा पौडेल, श्री प्रवल सिन्धु गुप्त, र श्री प्रविण पन्दाक लिम्बूले तथा विपक्षी स्वास्थ्य मन्त्रालय समेतका तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री सञ्जीवराज रेग्मीले गर्नुभएको बहस सुनियो। साथै इजलास समक्ष उपस्थित नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका वरीष्ठ स्वास्थ्य प्रशासक डा. श्री गुणनिधि शर्माले राखुभएको कुरासमेत सुनियो।

यसमा कोभिड-१९ को महामारीको सम्बन्धमा यस अघि पनि सार्वजनिक सरोकारका निवेदनहरुमा यस अदालतबाट विभिन्न मितिमा जनताको आधारभूत स्वास्थ्य रक्षाको निमित्त अन्तरिम आदेशहरु जारी भएको अवस्था छ। प्रस्तुत रिट निवेदनमा निवेदकहरुले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७७।२।२० को निर्णय बमोजिम

जारी भएको कोभिड-१९ को परीक्षण सम्बन्धी निर्देशिका (**National Testing Guidelines for COVID-19**) नेपालको संविधानसँग बाझिएको हुँदा सो कार्यान्वयन नगर्नू नगराउनू भनी अन्तरिम आदेश जारी गरी पाउँ भन्ने माग रहेको देखियो।

सो सन्दर्भमा हेर्दा, नेपालको संविधानद्वारा प्रत्याभूत मौलिक हकहरु मध्येपनि धारा ३५ द्वारा प्रत्याभूत स्वास्थ्य सम्बन्धी हक बर्तमांन कोभिड-१९ को महामारीको सन्दर्भमा विषेशरुपले सान्दर्भिक देखिएको छ। उक्त धाराको उपधारा (१) मा **"प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन"** भन्ने उल्लेख भएको छ। कोभिड-१९ को महामारीको सन्दर्भमा प्रदान गरिने स्वास्थ्य सेवा आपतकालीन सेवा र आधारभूत स्वास्थ्य सेवा दुवै हो र यो सेवा तत्काल र निःशुल्क प्रदान गरिनुपर्ने कुरा संविधानको माथि उल्लिखित व्यवस्थाको अध्ययनबाट स्पष्ट हुन्छ।

कोभिड-१९ को परीक्षण सम्बन्धी माथि उल्लिखित निर्देशिका हेर्दा सो निर्देशिकामा गरिएका व्यवस्थाहरु मध्ये दफा ६ मा उल्लिखित **Isolation** मा राखिएका बिरामीहरुलाई १४ दिन **Isolation** मा राखेपछि कुनै परीक्षण आवश्यक नपर्ने कुरा उल्लेख भएको पाइयो। सो कुराको वैज्ञानिक आधार खोज्नको लागि विश्व स्वास्थ्य संगठनको निर्देशनहरु हेर्ने क्रममा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट उपस्थित वरीष्ठ स्वास्थ्य प्रशासक श्री गुणनिधि शर्माले विश्व स्वास्थ्य संगठनको मिति २७ मे २०२० को मार्गदर्शन इजलासलाई देखाउनुभयो। सो मार्गदर्शनमा परीक्षणबाट कोभिड-१९ को संक्रमण देखिएका बिरामीहरुलाई निश्चित समय पछि **Isolation** मा राखु नपर्ने भन्नेसम्म उल्लेख भएको देखियो भने विश्व स्वास्थ्य संगठनकै १७ जुन २०२० को **Isolation** मा रहेका बिरामीहरुलाई **Isolation** बाट छाड्ने मापदण्ड (**Criteria for releasing COVID-1 patients from isolation**) मा कोभिडको संक्रमण देखिई **Isolation** को अवधि पूरा गरेका बिरामीहरुलाई पुनः परीक्षण आवश्यक पर्ने वा नपर्ने भन्ने कुरा सम्बन्धित राष्ट्रको स्वविवेकमा छाडिएको देखियो।

नेपालको संविधानमा स्वास्थ्य सम्बन्धी हक प्रत्याभूत गरिएको सन्दर्भमा हेर्दा सो हकले शारीरिक तथा मानसिक स्वास्थ्य दुवैलाई समेट्ने देखिन्छ। स्वस्थ रहनु भनेको रोग

नलाग्नु र लागेमा रोगबाट मुक्त हुनु त हुँदै हो यसभित्र बिरामी परेको अवस्थामा म रोगबाट मुक्त छु, स्वस्थ छु र कुनै समयमा संक्रमण भएको थियो भन्ने कारणले समाजमा अपहेलना वा उपेक्षा बेहोर्नु पर्दैन, विभेदजन्य व्यवहार हुँदैन भन्ने कुराको सुनिश्चितता पनि हो। संविधानको धारा ३५ लाई धारा १६ र १८ द्वारा प्रत्याभूत हकसँगै राखी एकैसाथ हेरेमा सोही अर्थ निस्किन्छ। राज्य संयन्त्रद्वारा स्थापित परीक्षणबाट संक्रमित देखिएका बिरामीहरु जुन मानसिक संत्रासमा हुन्छन् सो कुराको निवृत्ति पनि परीक्षणद्वारा नै गरी उनीहरुलाई आफू स्वस्थ छु भन्ने कुरामा आश्वस्त पार्नुपर्छ। जनताको स्वास्थ्य, समानता र सम्मानपूर्वक बाँच्न पाउने हकको संरक्षण गर्नु राज्यको कर्तव्य रहेको सन्दर्भमा परीक्षण पश्चात कोरोना संक्रमित देखिई **Isolation** मा राखिएका बिरामीहरुलाई बिना परीक्षण घर फर्काउने भन्ने कुरा किञ्चितरुपमा पनि मानवीय तथा संविधानसम्मत हुने देखिंदैन।

तसर्थ यी समस्त सन्दर्भमा रिट निवेदनमा उल्लिखित अन्य कुराहरुको हकमा अन्तिम सुनुवाई हुँदा विचार गरिने हुँदा र हाल **Isolation** मा रहेका बिरामीहरुको संख्या र सरकारको परीक्षणको क्षमता हेर्दा **Isolation** मा रहेका बिरामीहरुको पुनः **PCR** गर्न सकिंदैन भन्ने नदेखिएको समेतबाट **Isolation** मा राखिएका बिरामीहरुलाई निश्चित अवधिपछि बिना परीक्षण घर पठाउन सकिने भनी नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७७।२।२० को निर्णयद्वारा जारी निर्देशिकाको दफा ६ हाल कार्यान्वयन नगरी **Isolation** मा रहेका बिरामीहरुको **PCR** परीक्षण गरी रोग मुक्त भएपछि मात्र घर पठाउनू भनी नेपालको संविधानको धारा १३३ र सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम विपक्षीहरुको नाममा यो अन्तरिम आदेश जारी गरिएको छ। आदेशको जानकारी विपक्षीहरुलाई दिई नियमानुसार गर्नू।

न्यायाधीश

न्यायाधीश

ईति सम्वत् २०७७ साल आषाढ ८ गते रोज २ शुभम्---------------------।